NCE NEPAL

# कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र

अंक ११

## पृष्ठभूमि

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) सन् २००३ देखि नेपालमा सार्वजनिक शिक्षाको सुदृढीकरण गरी निःशुल्क तथा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि वकालत गर्दै आइरहेको छ । कोरोना महामारीको अवस्थामा समेत एनसिई नेपालले बालबालिकाको निरन्तर सिकाइ र शिक्षा अधिकार सुनिश्चितताका लागि सङ्घ, प्रदेश तथा स्थानीय सरकारसँग विभिन्न छलफल, बहस पैरवी तथा अनुसन्धानमूलक कार्यहरू गर्दै आइरहेको छ ।

एनसिई नेपाल, जिल्ला समन्वय समितिहरू र यसका सदस्य संस्थाहरूद्वारा सम्पन्न वकालतका गतिविधिहरू समेटिएको कोभिड-१९ विशेष समाचारपत्रको यो ११औँ अङ्क हो । यस अङ्कमा एनसिई नेपालद्वारा युवा लक्षित शिक्षा, सिकाइ, सिप र रोजगारको सुनिश्चितताका लागि गरिएका वकालतमूलक गतिविधिहरू, महामारीमा बालबालिकाको सिकाइ निरन्तरता, शिक्षामा लगानी वृद्धिका लागि स्थानीय स्रोतको पहिचान जस्ता विषयवस्तुमा नीतिगत छलफल, रेडियो तथा अन्तरक्रिया कार्यक्रम आयोजना हुनुका साथै युवा शिक्षा अभियान्ताहरूद्वारा बालविवाह, दाइजो प्रथा र महिनावारी स्वास्थ्य सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरूको सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

## युवालाई शिक्षा, सिप र रोजगार : अन्तर्राष्ट्रिय युवा दिवस २०२१

परिवर्तनको आधारस्तम्भ नै युवा जागरण र सहभागिता हो भन्ने मान्यता सहित एनसिई नेपालले आफ्ना बहस, पैरवी तथा अनुसन्धानमूलक कार्यहरूमा सदैव युवा सहभागिता र नेतृत्वको सुनिश्चितता गरिरहेको छ । यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवस २०२१ को अवसरमा युवाका समसामयिक मुद्दामा छलफल गर्न, युवा लक्षित नीति, कार्यक्रम तथा बजेटका लागि बहसपैरवी गर्न, शिक्षा, सिप र रोजगारीमा युवाको पहुँच सुनिश्चित गर्न तथा कोरोना महामारीको अवस्थामा युवाहरूले भोगेका चुनौती, अनुभव र सिकाइ आदानप्रदान गर्ने उद्देश्यका साथ एनसिई नेपालले जिल्ला समन्वय समिति र सदस्य संस्थाको समन्वयमा विभिन्न अन्तरक्रिया कार्यक्रम, नीतिगत छलफल, गोष्ठी, कार्यपत्र प्रस्तुति, संवाद, वक्तृत्वकला प्रतियोगिता जस्ता कार्यक्रम आयोजना गरेको छ । उक्त कार्यक्रमहरू नेपालका १८ वटा जिल्लाः बारा, धनुषा, सिरहा, दाङ, दोलखा, सिन्धुपाल्चोक,




*कपिलवस्तुमा आयोजित छलफल कार्यक्रम*

पाल्पा, पर्वत, कपिलवस्तु, नवलपुर, लमजुङ, उदयपुर, पर्सा, मकवानपुर, दैलेख, डोटी, कैलाली र बाजुरामा सञ्चालन भएका थिए ।

युवाहरूद्वारा नै नेतृत्व गरी अधिकांश युवाहरूको सहभागिता




*युवा दिवस कार्यक्रम - एनसिई दोलखा*

सुनिश्चित गरिएको उक्त जिल्लाका कार्यक्रमहरूमा विषेशतः कोरोना महामारीको अवस्थामा युवाहरूद्वारा शिक्षा सुनिश्चित गर्नका निमित्त भएका असल अभ्यासको समीक्षा, उनीहरूले भोगेका चुनौतीहरू साथै महामारीले पारेको शैक्षिक, मानसिक तथा आर्थिक सामाजिक क्षतिहरू र यसको निर्मूलीकरणका उपायहरू जस्ता विषयवस्तुहरूमा छलफल भएको थियो । कार्यक्रमले स्थानीय जनप्रतिनिधि तथा



*मकवानपुरमा आयोजित कार्यक्रमको झलक*

शिक्षा सम्बद्ध सरोकारवालाहरूलाई उक्त विषयवस्तुहरूमा सचेत बनाउनुका साथै युवालाई सामुदायिक विकास तथा बालबालिकाको सिकाइ निरन्तरतामा कसरी परिचालन गर्न सकिन्छ भन्ने बारे विचार विमर्शका साथै कार्ययोजना तयार भएको थियो । युवा तथा बालबालिकाको सिकाइमा भएका चुनौतीहरूको न्यूनीकरण बारे अनुसन्धान गरिने र कोरोना महामारीको कारण युवामा परेको मानसिक असर



*डोटीमा आयोजित कार्यक्रममा सहभागीले आफ्नो भनाई राख्दै*

कम गर्न र कुलतमा लागेका युवालाई सकारात्मक बाटोतर्फ अग्रसर गराउन स्थानीय सरकारद्वारा विभिन्न कार्यक्रम आयोजना गरिने प्रतिबद्धता नवलपुर, लमजुङ, पर्सा र पर्वतका स्थानीय सरकारले जनाएका थिए । कार्यक्रममा स्थानीय सरकारद्वारा युवालाई शिक्षा, श्रम र उत्पादनसँग जोड्न युवा लक्षित कार्यक्रम ल्याइने ऐक्यबद्धता समेत जनाइएको थियो ।



*दैलेखमा आयोजित कार्यक्रममा सहभागीहरु*

१८ जिल्लाका कार्यक्रमहरूमा युवा, स्थानीय जनपप्रतिनिधि, शिक्षक, वि.व्य.स, विभिन्न विद्यार्थी सङ्गठन, जिल्ला र प्रदेश युवा परिषद, युवा तथा बालक्लब, युवा उद्यमी, युवा नागरिक मञ्च, मानव अधिकार कर्मी, गै स.सं.का प्रतिनिधि, शिक्षा अभियन्ता, स्थानीय पत्रकार र युवासँग सम्बन्धित काम गर्ने सङ्घ संस्था गरी ५०० भन्दा बढी सहभागीको उपस्थिति रहेको थियो ।

# बालबालिकाको सिकाइ निरन्तरता सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम

कोरोना महामारीले लामो समयसम्म विद्यालय बन्द भएको र कयौँ बालबालिका वैकल्पिक सिकाइको माध्यमबाट अझै पनि वञ्चित रहेको अवस्थामा यस्ता बालबालिकालाई सिकाइ प्रक्रियामा कसरी जोड्न सकिन्छ र यसमा शिक्षक, स्थानीय सरकार लगायत अभिभावकको के भूमिका हुनसक्छ भन्ने विषयमा छलफल गर्ने उद्देश्यका साथ एनसिई जिल्ला



*लमजुङ्गमा आयोजित कार्यक्रममा प्र.अ.हरुसँग छलफल गरिँदै*



*बाँकेमा सरोकारवालाहरुसँग सम्वाद कार्यक्रम*

समन्वय समिति लमजुङ्, दाङ्, पर्सा, नवलपुर, बारा, बाँके, मकवानपुर, सिराहा र डोटीको समन्वयमा जिल्ला तथा स्थानीय तहमा विभिन्न छलफल कार्यक्रमहरू आयोजना भएका थिए ।

कार्यक्रममा वैकल्पिक माध्यमबाट प्रदान गरिने शिक्षा तथा सिकाइको सहजीकरण, वैकल्पिक शिक्षाबाट वञ्चित बालबालिकाको तथ्याङ्क सङ्कलन, सिकाइ सामग्री उत्पादन, महामारीको बेला बालबालिकाको सिकाइ निरन्तरताको लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरू, विद्यालय शिक्षा सुधारमा प्रधानाध्यापक तथा स्थानीय सरकारको भूमिका, अभिभावक शिक्षा लगायतका विषयवस्तुहरूमा छलफल भएको थियो । कार्यक्रममा उपस्थित जनप्रतिनिधिहरूले बालबालिकालाई सिकाइ प्रक्रियामा संलग्न गर्न शिक्षकहरूलाई थप प्रभावकारी रूपमा टोलटोलमा खटाइने र बालबालिकाको शिक्षण सिकाइमा अनुगमन तथा सहयोग पुर्‍याउन वि.व्य.स. लाई पनि परिचालन गरिने प्रतिबद्धता जनाएका थिए ।

# "शिक्षामा लगानी वृद्धिका लागि स्थानीय स्रोतको पहिचान" विषयक संवाद कार्यक्रम



*कार्यक्रमको झलक - एनसिई पर्वत*

शिक्षाका लागि स्थानीय स्तरमा लगानीका स्रोतहरू पहिचान गर्ने तथा त्यसको प्रभावकारिता सुनिश्चित गर्न स्थानीय सरकारबाट भएका  अभ्यास र भूमिका बारे छलफल गर्ने उद्देश्यका साथ एनसिई पर्वतले कुस्मा नगरपालिका र फलेवास नगरपालिकामा संवाद कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा शिक्षामा वर्तमान लगानीको अवस्था कस्तो छ ? कोभिड महामारीले शिक्षामा पारेको प्रभाव न्यूनीकरण गर्न स्थानीय स्रोत पहिचानसहित लगानी वृद्धि गर्न किन आवश्यक छ ? र सम्भावित स्थानीय स्रोतहरू के के हुन सक्दछन् भन्ने बारे सछलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरूले लगानी वृद्धि तथा खोजीका लागि स्थानीय स्तरमा हुन सक्ने सम्भावनाका रूपमा अभिभावक, गैह्र सरकारी संस्थाहरू तथा विभिन्न नागरिक सङ्गठनहरूसँग समन्वय गर्न आवश्यक रहेको बताएका थिए । यसका साथै स्थानीय स्तरमा अक्षयकोष, छात्रवृत्ति कोष, पुरस्कार कोष, सामग्री सहयोग, विशेष अभियान, जन्मदिन, विवाह, व्रतबन्ध लगायतका उत्सव, व्यक्तिगत सहयोग, भूतपूर्व विद्यार्थीहरूका अभियान, स्थानीय स्तरमा भएका प्राकृतिक स्रोत र साधन, मानव निर्मित वस्तुहरूबाट भएको आम्दानीको केही अंश लगाउने जस्ता व्यवस्थाहरू बारे प्रयासहरू हुनुपर्ने कुरा सहभागीहरूले बताएका थिए । लगानी वृद्धिसँगै  सम्बन्धित निकायहरूबाट चुस्त अनुगमन हुनुपर्ने र शैक्षिक गुणस्तर कायम गर्न तथा विद्यार्थीहरूलाई टिकाइराख्नको लागि पूँजीगत खर्चमा आउने रकम बढी हुनुपर्ने कुरामा स्थानीय प्रतिनिधिहरूले जोड दिएका थिए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिका सदस्य, वडाध्यक्ष तथा सदस्य, प्रधानाध्यापक, वि.व्य.स.का अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष, नागरिक समाजका प्रतिनिधि, शिक्षाविद्, अभिभावक तथा सञ्चारकर्मीहरूको सक्रिय सहभागिता थियो ।

# महिनावारी सरसफाइ तथा सेनीटेरी प्याड बनाउने सम्बन्धी कार्यशाला सम्पन्न



डुकुछापमा आयोजित कार्यक्रममा सहभागीहरु छलफल गर्दै

महिनावारी सरसफाइ भनेको के हो ? समुदायमा यसप्रतिको धारणा के छ ? यसले बालिकाहरूको विद्यालय नियमिततामा कस्तो असर पार्दछ ? र यसबारे समुदाय र विद्यालयमा थप सचेतना जगाउन युवाहरूले कस्तो भूमिका खेल्न सक्दछन् जस्ता विषयवस्तु समेटेर डुकुछाप, ललितपुरका युवा अभियन्ताहरूले एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छन् ।

त्यसैगरी एनसिई पर्साको युवा समूहको सहजीकरणमा किशोरीहरूलाई स्थानीय स्रोत साधन मार्फत सेनीटेरी प्याड बनाउने कार्यशाला आयोजना भएको थियो ।



पर्सामा आयोजित कार्यक्रममा सहभागीहरु प्याड बनाउँदै

# बालविवाह र दाइजो प्रथा बारे चित्रकला प्रतियोगिता



आफ्नो चित्र देखाउँदै बालबालिकाहरु

एनसिई नेपाल जिल्ला समन्वय समिति पर्साको आयोजना र एनसिई युवा समूहको सहजीकरणमा बाल विवाह र दाइजो प्रथाका बारेमा बालबालिकामा सचेतना जगाउन चित्रकला प्रतियोगिता आयोजना भएको छ । प्रतियोगितामा सहभागी बालबालिकाले समाजमा विद्यमान सामाजिक कुरीति बारे आवाज उठाउन युवाहरूको साथ र सहयोग आवश्यक रहेको र सो कामका निमित्त उनीहरूलाई स्थानीय सरकार, अभिभावक तथा समाजका अगुवाहरूले विश्वास गर्दै सहयोग गर्न आह्वान गरेका थिए ।

त्यसैगरी डुकुछापका युवा अभियन्ताद्वारा बालविवाह, यसका नकारात्मक असर र कारणहरू र बालविवाह न्यूनीकरणमा युवाको भूमिका बारे एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमले बालविवाह निर्मूल गर्नका निमित्त रोजगारी र सिपमूलक कार्यमा अभिभावकलाई संलग्न गराउन तथा बालबालिकालाई शिक्षा प्रदान गर्न आवश्यक रहेको जनाएको छ । कार्यक्रममा युवाहरूले बालविवाह जस्ता सामाजिक कुरीतिहरू हटाउन स्थानीय पहल आफ्नै नेतृत्वमा गर्ने प्रतिबद्धता गरेका थिए ।

# रेडियो कार्यक्रम



पाल्पामा रेडियो कार्यक्रम सञ्चालन गर्दै युवा अभियन्ता

युवाका शिक्षा, स्वास्थ्य, रोजगार लगायतका मुद्दामा आवाज उठाउन, सम्बन्धित निकायलाई खबरदारी गर्न, जनचेतना जगाउन र समुदायमा भएका असल अभ्यासहरूका बारेमा जानकारी दिई त्यसलाई अझ अन्य समुदायमा पनि फैलाउन एनसिई पाल्पाका युवा अभियन्ताद्वारा रेडियो पाल्पामा युवा आवाज रेडियो कार्यक्रम सुरु भएको छ ।

त्यसैगरी पिसवीन र एनसिई नेपालको सहकार्यमा बाजुरामा शैक्षिक सरोकार रेडियो कार्यक्रम पनि सुरू भएको छ । कार्यक्रममा शिक्षाका पछिल्ला गतिविधि कसरी सञ्चालन भइरहेका छन्, वैकल्पिक सिकाइको अवस्था र चुनौतीहरू के कस्ता रहेका छन् र अबको शैक्षिक रूपान्तरणको कार्यदिशा बारे छलफल भएको छ ।

# बहसमा शिक्षा–टेलिभिजन कार्यक्रम

शिक्षाका समसामयिक मुद्दामा बहस पैरवी गर्न तथा कोरोना महामारीले प्रभावित शिक्षा क्षेत्रको अवस्था सुधारका लागि सरोकारवालाहरूसँग विचार र अनुभव आदानप्रदानका साथै सार्वजनिक शिक्षामा जवाफदेहिता खोज्ने उद्देश्यका साथ एनसिई नेपाल र शिक्षा पत्रकार समूहको संयुक्त आयोजनामा **"बहसमा शिक्षा"** कार्यक्रम हिमालयन टेलिभिजनबाट हरेक बिहीबार राति ९ बजे प्रसारण हुँदै आएको छ ।

"बहसमा शिक्षा" कार्यक्रम एनसिई नेपालको युट्युव लिङ्क तथा फेसबुक पेजमा समेत हेर्न सकिन्छ ।

https://www.facebook.com/HimalayaTV/videos/378862220238439
https://www.facebook.com/HimalayaTV/videos/364715151730169
https://www.facebook.com/HimalayaTV/videos/1223443968100037
https://www.facebook.com/HimalayaTV/videos/1862847447229166

# सञ्चार माध्यममा एनसिई नेपाल









VIJAYAFM.ORG.NP

**युवाका लागि भौतिक र आध्यात्मिक दुबै शिक्षाको आवश्यक**

गैंडाकोट, साउन २८ । युवाका लागि भौतिक शिक्षा र आध्यात्मिक दुबै शिक्षाको ...




JYOTIDAINIK.COM

**स्थानीय सरकारद्वारा बालबालिकाहरुको सिकाइ निरन्तरताको लागि विषय कार्यशाला गोष्ठी समपन्न।**




VAROSANEWS.COM

**अन्तर्राष्ट्रिय युवा दिवसको अबसरमा एक दिवसीय अन्तरक्रीया कार्यक्रम सम्पन्न - Varosa News**



# शिक्षामा एकरुपता भएन

सन्देश संवाददाता

हेटौंडा/अन्तराष्ट्रिय युवा दिवसको अवसरमा सप्ताहब्यापी कार्यक्रमअन्तर्गत सोमबार भएको शिक्षामा युवा सहभागिता विषयक अन्तरक्रियाका बक्ताहरुले नेपाली शिक्षाको गुणस्तरमा एकरुपता नभएको औल्याएका छन् ।

अन्तरक्रियाका सहभागीहरुले शिक्षाको गुणस्तर मापन हुन नसककोमा चिन्ता ब्यक्त गर्दै प्रदेश तथा स्थनीय तहका विद्यालयहरुमा अध्यापन हुने शिक्षामा एकरुपता नभएको र भावि तहसम्म कै शिक्षाको पनि गुणस्तर मापन गर्न नसकिएको बताए ।

बागमती प्रदेश युवा परिषद् तथा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, जिल्ला सञ्जाल मकवानपुरको संयुक्त आयोजना तथा गैरसरकारी संस्था महासंघ बागमती प्रदेश समितिको समन्वयमा शिक्षामा युवाहरुको भूमिका विषयक अन्तरक्रियामा कमल फुयाँलले शिक्षाको विकास गर्ने भन्दै अनिवार्यरुपमा सबैलाई अंग्रेजी माध्यमबाट पढ्नुपर्छ भन्ने बाध्यात्मक अवस्था सिर्जना गर्न नहुने बताए ।

सबै विद्यार्थीले अंग्रेजी नबुझ्ने भएकाले उनीहरुलाई जुन भाषामा सजिलो लाग्छ त्यही भाषामा अध्ययन गर्ने व्यवस्था हुनुपर्ने उनको जिकिर थियो । सञ्चारकर्मी अमृत खिमरियाले हाल वैकल्पिक शिक्षाको रुपमा शहरी क्षेत्र र ग्रामिण क्षेत्रमा एकरुपता आउन नसकेको तथा अनलाइन शिक्षाले विभेद उत्पन्न गराएको चिमरियाको भनाई थियो ।

शिक्षाको विकास गरिरहँदा हाल विद्यार्थीलाई नैतिक शिक्षाको बारेमा अध्यापन नगराउदा उनीहरुमा नैतिक ज्ञानमा कमी आएको मनहरीको सविना ओलीले बताईन । नैतिक शिक्षाको अभावमा समाजमा हत्या, हिंसा, बलात्कारलगायतका घटनामा दिनानुदिन बृद्धि हुदै गएको प्रति उनले चिन्ता व्यक्त गरिन । एक बर्षसम्म पढेको कुरालाई ३ घण्टाको परीक्षामा मापन गरी शिक्षाको गुणस्तर मापन गर्न असम्भव रहेको उनले बताईन ।

यस्तै युवाहरुलाई लागूऔषधको दूर्व्यसनबाट जोगाउन उचित शिक्षा प्रदान गर्नुपर्ने, विद्यार्थीबाट नै युवा उत्पादन हुने भएकाले असल युवा उत्पादन गर्न असल शिक्षामा ध्यान दिनुपर्ने तथा युवा र बाल सञ्जाललाईसमेत एकआपसमा जोड्नुपर्ने जस्ता कुराहरु सिविन नेपालका फविन्द्र ज्ञवालीले सुझाएका थिए ।

कार्यक्रममा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, बागमती प्रदेशका संयोजक प्रकाश खतिवडाले युवा र शिक्षाको विषयमा सहजीकरण गरेका थिए । खतिवडाले छलफलमा आएका सुझावहरुलाई समेटेर नै मा युवाहरुको अवस्था, शिक्षाको आवश्यकता, युवा र शिक्षाको अन्तर सम्बन्ध, शिक्षाको अधिकार, सुनिश्चितता, मान्यतालगायत प्रदेश सरकारले शिक्षाका लागि गरेका कामहरुको बारेमा जानकारी गराईएको थियो ।

बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले प्रदेश युवा परिषद् राज्यले लिएको नीतिअनुसार तिव्ररुपमा अघि बढ्ने प्रतिवद्धता जनाए ।

प्रदेश सरकारले ऐन निर्माण गरी प्रमाणीकरण गरेर युवा परिषद्को पदाधिकारी नियुक्त र कार्यालय स्थापना गरिसकेकोले अब बागमती प्रदेश युवा परिषद् राज्यले लिएको नीतिअनुसार तिव्ररुपमा अघि बढ्ने उनले बताए । युवालाई शिक्षा, रोजगारी र उत्पादनसंग जोड्न परिषद्ले तीनै तहका सरकारसंग समन्वय गर्ने उनको भनाई थियो । युवाका समस्याहरुलाई युवाहरुबाट सुझाव संकलन गर्दै समस्या समाधान गर्न परिषद्ले अहम् भूमिका निर्वाह गर्ने उपाध्यक्ष चौलागाईले जानकारी गराए ।

शिक्षाका लागि राष्ट्रिय अभियान मकवानपुरका संयोजक बुद्धवीर लामाको सभाध्यक्षतामा भएको छलफलमा परिषद्का उपाध्यक्ष सन्तोष चौलागाईको प्रमुख आतिथ्य रहेको



# स्वरोजगारसम्बन्धी एकदिने अन्तर्क्रिया

सागर खनाल

घोराही, २९ साउन । 'नि:शुल्क गुणस्तरीय शिक्षा सम्भव छ' विषयमा सीप तथा स्वरोजगारसम्बन्धी एकदिने अन्तर्क्रिया सम्पन्न भएको छ । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल दाङको आयोजनामा बिहीबार श्री सिद्धरत्ननाथ नमूना माविमा सीप तथा युवा उद्यमशीलताबारे अन्तर्क्रिया भएको हो ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई) दाङका संयोजक रुपलाल चौधरीको संयोजकत्वमा भएको कार्यक्रममा युवा उद्यमशीलतलाई बढावा दिन शिक्षाको महत्व तथा आवश्यकतासम्बन्धी विषयमा केन्द्रित रहेर अन्तर्क्रिया गरिएको थियो ।

कार्यक्रममा अपांग, रेडक्रस, मुक्त कम्लरी, कृषिलगायतका विभिन्न क्षेत्रका सरोकारवाला र विद्यार्थीहरुको सहभागिता थियो । कार्यक्रममा सहभागीहरुका जिज्ञासाहरुलाई एनसिईका सहजकर्ता टुकमान राम्जाली र रुपलाल चौधरीले प्रष्ट पार्नुभएको थियो ।

कार्यक्रममा सिद्ध रत्ननाथ माविका प्रधानाध्यापक उत्तम खनाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक पाण्डेयलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण एनसिईका सदस्य सरस्वती जिसीले गर्नुभएको थियो ।



EHOTLINENEWS.COM

**अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा एनसीई द्वारा कलैयामा अन्तरक्रिया सम्पन्न**

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-५३२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np